का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ वैशाख २०८०,
सोमबार
8 May 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १०२ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

# प्रधानन्यायाधीश नियुक्तिको तयारी

**संवैधानिक परिषद्को दोस्रो पटकको बैठकको पनि एउटै एजेण्डा छ – प्रधानन्यायाधीशको नियुक्ति सिफारिस । नेताहरु यही विषयका लागि तेस्रो बैठक बस्न नपर्ने विश्वास गर्छन् ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ वैशाख ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आज (सोमबार) साँझ ६ बजेका लागि संवैधानिक परिषद्को बैठक बोलाएका छन् । संवैधानिक परिषद्का अध्यक्षको हैसियतमा प्रधानमन्त्री प्रचण्डले बोलाएको परिषद् बैठकको एजेण्डा छ - प्रधानन्यायाधीशको नियुक्ति सिफारिस ।

यसअघि यही एजेण्डासहित बसेको गत वैशाख ६ गते बसेको संवैधानिक परिषद्को बैठकमा प्रधानन्यायाधीश सिफारिसका सम्बन्धमा सर्वसम्मति हुन सकेको थिएन । नेताहरुका अनुसार संवैधानिक परिषद्को पदेन सदस्य रहने विपक्षी दलका नेता केपी शर्मा ओलीले विधिसम्मत सिफारिसको कुरा निकालेपछि सर्वसम्मति हुन सकेन र प्रधानन्यायाधीशको सिफारिस सम्भव भएको थिएन ।

गत शनिबार एमाले ओलीसँगको भेटपछि प्रधानमन्त्री प्रचण्डले ४८ घण्टाको समय राखेर परिषद्को दोस्रो बैठक सोमबारका लागि बोलाएका हुन् । यसकारण यही विषयमा लागि »» पृष्ठ २ मा




## परिषद्मा विपक्षीको बहुमत

संविधानको धारा २८४ मा संवैधानिक परिषद्को गठनसम्बन्धी व्यवस्था छ । धारा २८४ को उपधारा १ बमोजिम संवैधानिक परिषद्को अध्यक्षता प्रधानमन्त्रीले गर्ने र अन्य सदस्यहरुमा प्रधानन्यायाधीश, प्रतिनिधिसभाको सभामुख, राष्ट्रियसभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलको नेता र प्रतिनिधिसभाको उपसभामुख सदस्य रहने व्यवस्था छ । प्रधानन्यायाधीश पद रिक्त रहेको अवस्थामा भने कानुनमन्त्रीले संवैधानिक परिषद्को सदस्यका रुपमा सहभागिता जनाउन पाउने संवैधानिक व्यवस्था छ ।

संवैधानिक व्यवस्था अनुसार सत्ता »» पृष्ठ २ मा

## गठन हुँदै संसदीय सुनुवाइ समिति

संसदीय सुनुवाइ समिति पूर्ण नहुँदा प्रधानन्यायाधीश, न्यायाधीश नियुक्ति लगायतका काममा असर पर्ने भएपछि सभामुख देवराज घिमिरेले यसतर्फ चासो देखाएका छन् । संवैधानिक परिषद्को निर्णयबाट प्रधानन्यायाधीशको नाम सिफारिस भएपछि सुनुवाइका लागि संसदीय सुनुवाइ समिति आवश्यक हुन्छ ।

आइतबार मात्रै सभामुख घिमिरेले संघीय संसदको संयुक्त समिति गठनका »» पृष्ठ २ मा

# शरणार्थी प्रकरणले तातियो संसद

**प्रमुख प्रतिपक्षी एमालेले यो प्रकरणमा जोडिएकाहरुमध्ये कसैलाई उन्मुक्ति दिने र कसैलाई कारबाही प्रक्रिया अगाडि बढाउने हुन सक्ने भनी अनुसन्धान अगाडि बढाइनुको कारण खोजेको छ ।**




**विमला ढकाल/मध्यान्ह**
काठमाडौं, २४ वैशाख ।

नक्कली शरणार्थी प्रकरण संसदमा प्रवेश गरेको छ । संघीय संसदको वर्षे अधिवेशनको पहिलो दिन नै संसद शरणार्थी प्रकरणले तातिएको छ ।

खासगरी राजनीतिक दलहरुले यो प्रकरणलाई राजनीतिक रङ दिलाइन सक्नेमा आशंका व्यक्त गरेका छन् । प्रमुख प्रतिपक्षी नेकपा एमालेले यो प्रकरणमा जोडिएकाहरुमध्ये कसैलाई उन्मुक्ति दिने र कसैलाई कारबाही प्रक्रिया अगाडि बढाउने हुन सक्ने भनी अनुसन्धान अगाडि बढाइनुको कारण खोजेको छ । निश्पक्ष छानबिनका लागि आफ्नो पार्टी सघाउन »» पृष्ठ २ मा

## 'दोषीलाई बचाउन नलाग्ने प्रतिबद्धता'



बैठकपछि बिभिन्न राजनीतिक दलका शीर्ष नेताहरुले दोषीलाई बचाउन नलाग्ने प्रतिवद्धता जनाएका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नक्कली भुटानी शरणाथी प्रकरणका दोषी कोही »» पृष्ठ २ मा



## वैदेशिक रोजगार विशेष

# गणतान्त्रिक मञ्चद्वारा समस्या समाधानका लागि प्रधानमन्त्रीको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ वैशाख

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले सेवा शुल्क परिमार्जन तथा संख्या सय समस्या समाधानका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को ध्यानाकर्षण गराएको छ । मञ्चले आइतबार प्रधानमन्त्री दाहाललाई उनका सल्लाहकार हरिवोलप्रसाद गजुरेलमार्फत ध्यानाकर्षण गराएको हो ।

मञ्चका अध्यक्ष धनलाल जैसीले सल्लाहकार गजुरेललाई ज्ञापनपत्र दिँदै इजाजतपत्र नवीकरण गर्न वार्षिक एक सय जना कामदार पठाउनै पर्ने ऐनको बाध्यताले व्यवसायीलाई समस्या पारेको र त्यसले वैदेशिक रोजगार क्षेत्रमा बेथिति सिर्जना गरेको भन्दै सकेसम्म छिटो उक्त प्रावधान हटाउनुपर्ने माग गरे ।



त्यसैगरी मञ्चले एकाघर परिवारले वैदेशिक रोजगारसम्बन्धी अन्य कम्पनी सञ्चालन गर्न नपाउने, एकभन्दा बढी »» पृष्ठ २ मा

## साढे तीन करोड ठग्ने गिरोहका बास्तोला पक्राउ

**भक्तपुर/रासस–** अमेरिकालगायतका विभिन्न मुलुकमा गएर ठूलो रकम कमाउने लोभमा फस्दा एक सय एक जना ठगिएको फेला परेको छ । पीडितहरु साढे तीन करोड बढी रकम ठगिएपछि प्रहरीकोमा आएका छन् ।

भक्तपुरको चाँगुनारायण नगरपालिका-६ नगरकोट बस्ने ६८ वषीय सीताराम बास्तोलालगातयको समूहको मिलेमतोमा अमेरिका, जर्मनी, बेलायत तथा जापान पठाउने भन्दै यसरी ठगी गरेको भेटिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

ती ठगी गर्ने समूहले मासिक चार लाख बढी तलब हुने भनी विश्वास दिलाई प्रतिव्यक्ति ३० »» पृष्ठ २ मा

# खाद्य संकटको खतरा

**कान्ति न्यौपाने मध्यान्ह**
काठमाडौं, २४ वैशाख ।

नेपाललाई कृषिप्रधान मुलुकको संज्ञा दिइए पनि खाद्यान्नमा भने नेपाल हालसम्म पनि आत्मनिर्भर बन्न सकेको छैन । असन्तुलित वितरण र उत्पादनका कारण मुलुकका ७.८ प्रतिशत नागरिक अझैपनि खाद्या संकटको चपेटामा छन् । जसको पछिल्लो उदाहरण बझाङको साइपाल गाउँपालिका हो ।

सिजनअनुसार र्यासागुम्बाको संकलनमा व्यस्त हुने त्यहाँका स्थानीहरुको उत्पादनले एक महिनामात्रै पुग्छ भने बाँकी ११ महिना किनेरै खानुपर्ने बाध्यता देखिन्छ । अझ नेपाल चीन नाका बन्द भएपछि उनीहरु थप मारमा परेका छन् । खाद्यान्नको सहज पहुँचका लागि पटक पटक सिंहदरबार धाएपनि उनीहरुले खाद्यसंकटको मार वर्षेनी भोग्नुपरेको छ ।

'हामीले खाद्यान्न नभएर कन्दमूलको खोजी गर्नुपर्ने अवस्था आइसक्यो, यता ठेकेदारले बेवास्ता गरिरहेको छ । ठेकेदारले १० महिना बित्न लाग्दासमेत पहिलो ठेक्का नै पूरा गरेको छैन', साइपाल गाउँपालिकाका पूर्वअध्यक्ष राजेन्द्र धामीले भने । उनले वार्षिक पाँच हजार क्विन्टल चामलको लागि वालुवाटारदेखि सिंहदरबारसम्म पुग्दा कसैले सहयोग नगरेको गुनासो गरेका छन् ।

पूर्वअध्यक्ष धामीले भनेजस्तै नेपालमै खाद्यसंकट निम्तने अवस्था आउनलाग्दा समेत त्यसको पूर्वतयारीमा सरकार जुटेको छैन । हिउँदमा पनि वर्षा नभएको र आगामी मनसुनमा कम वर्षा हुने देखिएकाले खाद्य संकटबाट बच्न सरकारले विशेष तयारी गनुपर्ने विज्ञहरु बताउँछन् ।

युक्रेन र रुसमा अहिले गहुँ, सूर्यमुखीको खेती गर्ने समय हो । तर, युद्धले खेती हुन सकेको छैन । »» पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ जुनसुकै प्रकारका नाममा खडा गरिने एकाधिकारका विरुद्धमा रहेको सम्पूर्ण व्यवसायीज्यूहरुमा सर्वविदितै छ । संघ वैदेशिक रोजगारमा लागू गरिने एकाधिकारको विरोधमा रहेको व्यहोरा सम्बन्धित सबैलाई पुन:स्मरण गराइन्छ ।

संघले वैदेशिक रोजगार व्यवसायमा लागू हुने एकाधिकारको निरन्तर विरोध गरेता पनि व्यवसायीको आवरणमा रहेका केही व्यक्तिहरुले अहिले मलेसिया, साउदी अरब र यूएईमा वैदेशिक रोजगारमा कामदार पठाउने सिलसिलामा पूरा गर्नुपर्ने प्रक्रियाहरुमा एकाधिकार लागू गराउन उद्धत रहेको भन्ने कुरा विभिन्न अनलाइन, सामाजिक सञ्जाल र समाचारमा आएकाले कुनै पनि नाम र आवरणमा गर्न लागिएको एकाधिकारप्रति संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ खुला, पारदर्शी र प्रतिस्पर्धात्मक व्यवसायमा विश्वास गर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजतपत्रवाला सम्पूर्ण व्यवसायीहरुले व्यवसाय गर्न पाउनुपर्ने मान्यता राख्दछ । खुला प्रतिस्पर्धाबाट डराई एकाधिकार लागू गर्न खोजेका कम्पनीहरु गैर कानूनी कार्य गर्न लागिपरेको भन्ने जानकारी प्राप्त भएकाले त्यस्ता गैरकानूनी कार्य गर्ने संस्थाहरुलाई कानूनी कारबाही गर्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघले परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र सम्बन्धित सबै निकायमा जोडदार माग गर्दछ । साथै यस्ता एकाधिकारको पक्षमा नलाग्न र गैरकानूनी कार्य नगर्न/नगराउन हुन सम्पूर्ण व्यवसायीज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

राजेन्द्र भण्डारी
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

मध्यान्ह
www.madhyanhadaily.com
२५ वैशाख २०८०, सोमबार
8 May 2023, Monday

# महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्छौं: उपप्रधानमन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ वैशाख

उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गरिने बताएका छन्।

गृह मन्त्रालयले आइतबार आयोजना गरेको 'महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजनाको कार्यशाला गोष्ठी' मा बोल्दै उनले महिला हिंसाका पीडकलाई कारबाही र पीडितलाई न्याय दिन सरकार प्रतिवद्ध रहेको बताएका हुन्।

उनले भने, 'महिलामाथि हुने हिंसाका दोषीलाई कारबाही गर्दै पीडितलाई न्याय दिन सरकारले कुनै कसर राख्दैन।' महिलामाथि हुने हिंसा अन्त्य गर्न यस्ता



गोष्ठिले आफूलाई थप हौसला पुगेको उनको भनाइ थियो। गृहमन्त्री श्रेष्ठले आफूले गृह मन्त्रालयमा पदभार ग्रहण गरेसँगै शान्ति सुरक्षा, अपराध नियन्त्रणसँगै महिला हिंसा अन्त्य र पीडकलाई कारबाहीको मुद्दालाई उच्च प्राथमिकतामा राखेको बताउँदै गल्ती गर्ने जोकोहीलाई कानूनको दायरामा ल्याउने बताए। पछिल्लो समय गृह मन्त्रालयले भ्रष्टाचारीविरुद्ध लिएको नीतिप्रति सकारात्मक टिप्पणी प्राप्त भइरहेको उनको भनाइ थियो।

उपप्रधानमन्त्री श्रेष्ठले पछिल्लो समय मुलुकका विभिन्न तहमा महिला सहभागिता बढ्नु खुशीको कुरा भएको बताए। उनले महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय स्तरमा समिति बनाएर कार्यान्वयन गरिने स्पष्ट पारे।

नेकपा (माओवादी केन्द्र)का नेतासमेत रहेका श्रेष्ठले द्वन्द्वकालका घटनालाई सत्य मेलमिलाप तथा वेपत्ता छानविन आयोगमार्फत टुङ्गोमा पुऱ्याउनुपर्ने बताए।

# 'राजनीतिक व्यवस्था परिवर्तनमा पत्रकारिताको भूमिका महत्वपूर्ण'



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले राजनीतिक व्यवस्था परिवर्तन र लोकतन्त्रको रक्षामा नेपाली पत्रकारिताले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएकी छन्। आठौं राष्ट्रिय पत्रकारिता दिवसको अवसरमा आयोजित कार्यक्रममा उनले विभिन्न राजनीतिक आन्दोलनमा जनतामा जागरण ल्याउन पत्रकारिताले एतिहासिक भूमिका निर्वाह गरेको बताइन्।

'पञ्चायतकालको कालरात्रिमा जनतालाई जागरुक बनाउन नेपाली पत्रकारिता क्षेत्रले निर्वाह गरेको ऐतिहासिक भूमिका हामी युगयुगसम्म सम्झिरहने छौं,' उनले भनिन्।

राजनीतिक उपलब्धिलाई संस्थागत गर्ने र यसमार्फत जनताको जीवनस्तरमा रुपान्तरण ल्याउनु राजनीति र पत्रकारिता दुवै क्षेत्रको दायित्व भएको उनको भनाइ छ। उनले समाजका हरेक क्षेत्रमा नकारात्मकताको प्रवृत्ति बढ्दै गएको भन्दै त्यसलाई चिर्न पत्रकारिताको महत्वपूर्ण भूमिका हुनुपर्ने उल्लेख गरिन्।

'गलत क्रियाकलापको आलोचना स्वभाविकै भए पनि राम्रा कामलाई पनि नकारात्मक ढङ्ले पस्कने प्रवृत्तिको विकास हुन थालेको छ। यसलाई चिर्दै आमसञ्चारमाध्यमले विभिन्न क्षेत्रमा भइरहेका सकारात्मक प्रयासलाई प्रस्तुत गर्नुपर्छ,' उनले भनिन्।

उनले सञ्चार संस्थाको सवलीकरण र श्रमजीवी पत्रकारको भौतिक तथा पेशागत सुरक्षाप्रति सरकार गम्भीर भएको स्पष्ट पारिन्। आमसञ्चारमाध्यमलाई राष्ट्रिय उद्योग सरह मान्यता दिने, साना लागानीका स्वरोजगारमूलक र गैरनाफामूलक सञ्चारमाध्यमको प्रवर्द्धन सरकारको प्राथमिकतामा रहेको उनको भनाइ छ। श्रमजीवी पत्रकार ऐनको कार्यान्वयनसँगै पत्रकारको दक्षता अभिवृद्धिका लागि संघ र प्रदेशस्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना लगायतका मुद्दा प्राथमिकतामा रहेको उनले जानकारी दिइन्।

पत्रकार पुरस्कृत

सरकारले राष्ट्रिय पत्रकारिता दिवसका अवसरमा वरिष्ठ पत्रकार राजेन्द्र दाहाल र बलराम थापालाई सम्मान गरेको छ। आठौं राष्ट्रिय पत्रकारिता दिवसको अवसरमासञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आयोजनामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र सञ्चार मन्त्री रेखा शर्माद्वारा वरिष्ठ पत्रकार सम्मानबाट पत्रकार राजेन्द्र दाहाल र बलराम थापा सम्मानित भएका हुन्।

राष्ट्रिय पत्रकारिता पुरस्कारबाट अन्य छ जना पत्रकारसमेत सम्मानित भए। सम्मानित हुनेमा पत्रकार अनिता विन्दु, अम्बिका दाहाल, गणेश लम्साल, गम्भीरा सहनी, रामकृष्ण ज्ञवाली र लक्ष्मी आचार्य छन्।

मन्त्रालयले निष्पक्ष, उत्तरदायी, खोजमूलक र विश्लेषनात्मक पत्रकारिताको माध्यमबाट राष्ट्रिय हितको प्रवर्द्धन र जनतालाई सुसूचित गराउन योगदान पुऱ्याएको भन्दै उनीहरुलाई सम्मान गरेको हो।

पुरस्कृत पत्रकार राजेन्द्र दाहालले आमसञ्चार तथा पत्रकारितासम्बन्धी अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने संस्थाको स्थापना गर्न सरकारको ध्यानआर्कषण गराए। उनले भने, 'लोकतन्त्रको संरक्षण र सफलताका लागि राम्रो पत्रकारिता जरुरी छ। त्यसका लागि अहिले आमसञ्चारसम्बन्धी अध्ययन, अनुसन्धान र विश्सलेषण गर्ने भरपदर्सो संस्थाको खाँचो छ।'

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले आमसञ्चार तथा पत्रकारितामा आवश्यक लगानी र नीति बनाउनतर्फ सरकारको ध्यानआर्कषण गराए। वरिष्ठ पत्रकारबाट सम्मानित हुनेलाई कदरपत्रसहित रु दुई लाख र राष्ट्रिय पत्रकारिता पुरस्कारबाट पुरस्कृतलाई कदरपत्रसहित रु एक लाख प्रदान गरिएको छ।

# कक्षा १२ को वार्षिक परीक्षाको तयारी अन्तिम चरणमा

**काठमाडौं/मस–** राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको कक्षा १२ को वार्षिक परीक्षाको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ। यही वैशाख २६ गतेदेखि सञ्चालन हुन लागेको उक्त परीक्षाका लागि कूल चार लाख ६७ हजार तीन सय ८९ विद्यार्थीले फाराम भरेको बोर्डले जनाएको छ।

यस वर्षको कक्षा १२ को वार्षिक परीक्षाको परीक्षा केन्द्र तोक्ने काम पूरा भएको बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले जानकारी दिए। उनका अनुसार केन्द्राध्यक्ष, निरीक्षक, नियुक्त गर्नेलगायतका काम पनि अन्तिम चरणमा पुगिसकेको छ। प्राविधिक काम बाहेकका अन्य काम पूरा भइसकेको बोर्डले जनाएको छ। यस वर्ष ५६ हजारभन्दा बढी विद्यार्थीले ग्रेड वृद्धि परीक्षा दिन लागेका बताइएको छ। उनीहरुले जति विषयमा कम नम्बर आएको थियो त्यत्तिकै विषयको मात्र ग्रेड वृद्धि परीक्षा दिनुपर्नेछ।




यसअघि तीन वा सोभन्दा बढी विषयमा नन ग्रेडेड (एनजी) ल्याएका विद्यार्थीले यो वर्ष पूरै विषयको परीक्षा दिनुपर्ने भन्ने थियो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ संशोधन गरेको थियो। त्योसँगै परीक्षाका लागि छ वटै विषयको फाराम भरे पनि जति विषयमा एनजी आएको छ, त्यतिकै विषयको मात्र परीक्षा दिनुपर्ने भएको हो। राष्ट्रिय परीक्षा बोर्डको प्रस्तावमा मन्त्रिस्तरीयबाट लेटर ग्रेडिङ निर्देशिका, २०७८ लाई संशोधन गर्ने निर्णय भएको थियो।

दुई विषयभन्दा बढी जतिसुकै विषयमा एनजी प्राप्त भएको छ ती विषयको मात्र ग्रेड वृद्धिको परीक्षा दिनुपर्नेछ। यसअघि छ वटै विषयमा फाराम भरे पनि जति विषयमा एनजी आएको छ, त्यत्तिकै परीक्षा दिनुपर्ने अध्यक्ष डा। शर्माले बताए। परीक्षा फाराम भर्दा छ वटै विषय भरे पनि जुन विषयमा एनजी आएको छ ती विषयको मात्र परीक्षा दिनुपर्नेछ।

यसअघि गत वर्षदेखि लागू भएको लेटर ग्रेडिङ सिस्टमअनुसार दुईभन्दा बढी विषयमा एनजी ल्याएका विद्यार्थीले पूरै विषयको परीक्षा दिनुपर्ने भन्ने थियो। तर, गत वर्ष लिइएको ग्रेड वृद्धि परीक्षामा सफल हुन नसकेपछि ५६ हजार विद्याथीले यो वर्ष हुने परीक्षामा सबै विषयको परीक्षा दिनुपर्ने भएको थियो। यस्तो हुँदा 'ड्रप आउट' हुने सम्भावना बढेपछि बोर्डको प्रस्तावमा शिक्षामन्त्री अशोककुमार राईले निर्देशिका संशोधन गरेका हुन्।

# 'टुकुचा खोला नै हो, तर खोलामाथिको सम्पत्ति व्यक्तिगत हो'

**काठमाडौं/मस–** उच्च अदालत पाटनले काठमाडौंको कमलादी र हात्तीसार क्षेत्रमा भूमिगत गरिएको टुकुचा खोला नै भए पनि खोलामाथिको सम्पत्ति व्यक्तिगत सम्पत्ति ठहर गरेको छ।

न्यायाधीशहरू महेश शर्मा पौड्याल र राज्यलक्ष्मी बज्राचार्यको संयुक्त इजलासले गत माघ १८ गते सुनाएको फैसलाको आइतबार सार्वजनिक गरिएको पूर्णपाठमा टुकुचा खोला भएको भए पनि खोलामाथि रहेको घर जग्गा भने व्यक्तिगत सम्पत्ति भएको हुँदा राज्यले हस्तक्षेप गर्न नपाउने उल्लेख छ।

फैसलामा भनिएको छ, 'टुकुचा (इच्छुमती) खोला र बागमतीको सहायक नदी रहेको र यति लामो बहाव रहेको अवस्थामा यस खोलालाई खोल्सा वा ढल हो भनी विद्वान कानून व्यवसायीहरूले लिएको जिकिर मनासिव देखिँदैन।'

जग्गाधनी दर्ता प्रमाण पुर्जाबाट निवेदनमा उल्लेखित जग्गा निवेदकको हकको भन्ने देखिएको र सो स्रेस्ता बदर नभई यथावत कायम रहेको अवस्थामा निवेदकको सहमति वा क्षतिपूर्ति नदिई सो जग्गामा रहेको संरचनामा असर पर्ने गरी कुनै कार्य नगर्न/नगराउन फैसलामा भनिएको छ।

काठमाडौं महानगरपालिकाले गत भदौ ३० मा टुकुचा खोला उत्खनन गर्न थालेपछि काठमाडौं महानगरपालिका-१ का विश्वप्रकाश साखले निजी सम्पत्तिमा हस्तक्षेप भएको उल्लेख गर्दै रोक्न आदेश माग गर्दै उच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए।

खोलामा भूमिगत संरचना निर्माण गरिएपछि खोलामाथिको जमिन व्यक्तिका नाममा दर्ता भएको देखिएको उच्च अदालतले टुकुचा खोलालाई खुलारूपमा प्राकृतिक स्वरूपमा ल्याउन आवश्यक छ वा छैन र ल्याउन आवश्यक भएमा त्यहाँ बनेका पुरातात्विक महत्वको गुम्बजको संरक्षण कसरी गर्न सकिन्छ भन्ने विषयमा विज्ञसहितको छलफल आवश्यक भएको फैसलामा उल्लेख गरेको छ।

## प्रधानन्यायाधीश...

तेस्रो बैठक बस्न नपर्ने नेताहरुको विश्वास छ।

न्यायलय करिब १५ महिनादेखि नेतृत्वबिहीन छ। प्रधानन्यायाधीशको पदपूर्तिका लागि प्रधानमन्त्री प्रचण्डले गत वैशाख ४ गतेदेखि सक्रियता देखाएका थिए। वैशाख ४ गते प्रमुख तीन दल कांग्रेस, एमाले र माओवादी केन्द्रबीच प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउने सहमति समेत भएको थियो। तर, उक्त सहमति अनुसार वैशाख ६ गते बसेको संवैधानिक परिषद्को बैठक बिना निष्कर्ष सकिएका थियो।

त्यसपछि प्रधानमन्त्री प्रचण्डले फेरि प्रमुख तीन दलको अर्को बैठक डाके। वैशाख ११ गते बसेको प्रमुख तीन दलको बैठकमा संवैधानिक परिषद्सम्बन्धी विधेयक संसद्बाट पारित गर्ने सहमति भयो। सोही सहमति अनुसार वैशाख १३ गते बुधबार संवैधानिक परिषद्सम्बन्धी विधेयक पेस हुने संसद्को सम्भावित कार्यसूची थियो। दलहरूमा सहमति हुन नसकेपछि वैशाख १३ गते संसद्को कार्यसूचीबाट उक्त विधेयक हट्यो। उक्त विधेयक संसदीय विषयगत समितिमा पठाइएको छ।

२०७८ फागुन १ गते तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरामाथि संसद्मा महाभियोगको प्रस्ताव दर्ता भएपछि उनी निलम्बनमा परेका थिए। त्यसपछि वरिष्ठतम न्यायाधीशका हैसियतमा दीपककुमार काकीले कामु प्रधानन्यायाधीशका रूपमा साढे ८ महिना न्यायपालिकाको जिम्मेवारी सम्हाले। दीपककुमार कार्कीको अवकाशपछि हरि कृष्ण कार्की वरिष्ठतम न्यायाधीशका हैसियतका कामु प्रधानन्यायाधीश बने। गत मंसिर २७ गतेदेखि ६५ वर्षे उमेर हदका कारण चोलेन्द्र शमशेर जबरा अनिवार्य अवकाशमा गएपछि हरि कृष्ण कार्कीले कामु प्रधानन्यायाधीश चलाइरहेका छन्।

लामो समयदेखि प्रधानन्यायाधीशको पद खाली हुँदा बिस्तारै त्यसको असर समग्र न्यायपालिकामा देखिन थालेको छ। प्रधानन्यायाधीशसहित २१ जना न्यायाधीश रहने सर्वोच्च अदालतमा अहिले जम्मा १६ जना न्यायाधीश छन्।। यसको असर मुद्दाको सुनुवाइ र फैसलामा पर्न थालेको छ।

## परिषद्मा...

पक्षबाट प्रधानमन्त्री प्रचण्ड र कानुनमन्त्री धनराज गुरुङमात्रै संवैधानिक परिषद्को अध्यक्ष र सदस्य छन्। एमालेका तर्फबाट तीन सदस्य र राष्ट्रिय स्वतन्त्र पाटीको तर्फबाट उपसभामुख गरी सत्ता गठबन्धन बाहिरका चार सदस्य छन्। प्रतिनिधिसभाको सभामुख देवराज घिमिरे, राष्ट्रियसभाको अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र विपक्षी दलको नेताका रुपमा केपी ओली परिषद्को सदस्य छन्। सरकारलाई दिएको समर्थन फिर्ता लिएको राष्ट्रिय स्वतन्त्र पाटीकी उपसभामुख इन्दिरा राना पनि परिषद्कै सदस्य छन्।

रास्वपा तटस्थ बस्दा सत्तापक्षसँग दुई मत र विपक्षीसँग तीन मत कायम रहन्छ। रास्वपाले पनि सत्तापक्षको प्रस्तावलाई नै समर्थन गरेको अवस्थामा प्रधानमन्त्रीसँग तीन मतमात्रै रहन्छ। बाँकी तीन मत विपक्षी दल नेकपा एमालेसँग रहेको कारण सर्वसम्मति नभएसम्म संवैधानिक परिषद्को सिफारिस सम्भव छैन।

सर्वसम्मति नभई बहुमतकै आधारमा निर्णय गर्नुपर्ने अवस्था आए संवैधानिक परिषद्सम्बन्धी ऐन नहुँदा बहुमतका आधारमा निर्णय गर्नसक्ने अवस्था छैन। संविधानतः सर्वसम्मतिका आधारमा प्रधानन्यायाधीश वा अन्य न्यायिक निकायका पदाधिकारी वा सदस्यहरुको सिफारिस गर्नुपर्ने हुन्छ।

## गठन...

लागि तीन दिनभित्र नाम दिन राजनीतिक दलहरुलाई आग्रह गरेका छन्। संघीय संसदमा संसदीय सुनुवाइ समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति गरी दुईवटा संयुक्त समिति छन्।

आइतबार कार्यव्यवस्था परामर्श समितिमा सभामुख घिमिरेले भनेका छन्, 'संसदीय सुनुवाइ समितिसहित दुई संयुक्त समिति तीन दिनभित्र टुंग्याउनुपर्छ। समितिको नेतृत्व पनि यही बीचमा टुंग्याऔं।

गत ४ मंसिरको चुनावपछिको प्रतिनिधिसभाको पहिलो अधिवेशनले संसदीय विषयगत समिति गठन गरे पनि संयुक्त समिति भने गठन गर्न सकेको थिएन। दोस्रो अधिवेशन सुरु हुनु अगावै सभामुख घिमिरेले संयुक्त समिति गठनका लागि संसदमा रहेका दलहरुको ध्यानाकर्षण गराएका हुन्।

सभामुखको निर्देशनपछि अब राजनीतिक दलहरुले दुई संयुक्त समितिमा रहने सांसदको नाम तीन दिनभित्र बुझाउनुपर्ने हुन्छ। राष्ट्रियसभाले संसदीय सुनुवाइ समितिमा रहने सांसदहरुको नाम पठाइसकेको छ। प्रतिनिधिसभाले भने पठाएको छैन। दुवै संयुक्त समितिमा १५/१५ सदस्य हुन्छ। जहाँ प्रतिनिधिसभाबाट १२ जना सांसद र राष्ट्रिय सभाबाट ३ जना सांसद रहन्छन्।

सुनुवाइ समितिमा प्रतिनिधिसभामा दलहरुको सांसद संख्याका आधारमा सदस्य चयन हुन्छन्। तर दलहरुले प्रतिनिधिसभाबाट संसदीय सुनुवाइ समितिमा प्रतिनिधित्व गर्ने सांसदको नाम दिएका छैनन्।

## शरणार्थी...

तयार रहेको एमालेका प्रमुख सचेतक पदम गिरी बताउँछन्।

प्रतिनिधिसभाको आकस्मिक समयमा बोल्दै गिरीले भुटानी शरणार्थी प्रकरणको फाइलका साथसाथै अन्य भ्रष्टाचार र अनियमितताका फाइलहरु पनि अगाडि बढाइनुपर्नेमा जोड दिएका छन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले यो प्रकरणका सन्दर्भमा 'यो त टेलर मात्र हो, फिल्म आउन बाँकी नै छ' भनेको सुनेको उल्लेख गर्दै उनले सरकारलाई आग्रह गरेका छन्, 'फिल्म हेर्न आतुर छौं, टिकट काटेर बसेका छौं। बाइड बडीको छानबिन गरौं, बाँसबारीको छानबिन गरौं, मातातीर्थको छानबिन गरौं। यती, ओम्नी र लडाकू शिविर काण्डको पनि छानबिन गरौं।'

लडाकू शिविर काण्डमा अरबौं राज्यको सम्पति लुटिएको उनको भनाइ छ। सिसिटिभी फुटेज काण्ड र बजेटमा बिचौलियाको प्रवेश गराएको लगायतका विषयमा पनि छानबिन गरिनुपर्ने उनको माग छ। एक/एक भ्रष्टाचारको छानबिन गर्ने कार्यम एमालेको साथ रहने उनको प्रतिवद्धता छ।

नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले सरकारले अगाडि बढाएको नक्कली शरणार्थी प्रकरणको विषयलाई विषयान्तर नगर्न आग्रह गरे।

स्वतन्त्र सांसद अमरेश कुमार सिंहले नेपाल भ्रष्टाचारका कारण अगाडि बढ्न नसकेको उल्लेख गर्दै कम्तिमा पनि २०६३ साल यताका भ्रष्टाचारका घटनाहरुको अनुसन्धान गरिनुपर्नेमा जोड दिए। उनले भनेका छन्, '२०६३ सालपछिका सबै भ्रष्टाचारका काण्ड हेर्नेगरी छानबिन आयोग गठन गरौं।' उक्त आयोग मार्फत पोखरा विमानस्थल, वाइडबडी, एनसेल काण्डहरुको छानबिन गरिनुपर्ने उनको माग रहेको छ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवालले नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउनेहरु को को हुन त्यसबारे सरकारसँग जानकारी माग गरे।

तत्कालीन गृहमन्त्री राम बहादुर थापाको निर्णय अनुसार नेपालीलाई भुटानी शरणार्थी बनाउने निर्णय भएको उल्लेख गर्दै उनले संसद बैठकमा भनेका छन्, '८७५ जना सँग दश देखि ५० लाखसम्म उठाउने को को हुन? यी सबै विषयमा छानबिन हुनुपर्‍यो।'

## दोषीलाई...

पनि ढाकछोप नहुने बताए। पत्रकार हरुसँग कुरा गर्दै उनले निर्दोष कोही नपर्ने पनि बताए।

प्रमुख प्रतिपक्ष दल एमालेका अध्यक्ष केपी शर्मा ओलीले नक्कली भुटानी शरणाथी प्रकरणमा दोषीउपर कडाइका साथ कारबाही गर्न प्रधानमन्त्रीलाई आग्रह गरेको बताए। उनले छानबिनमा सरकारले हस्तक्षेप नगर्न र बयान नफेराउन पनि सचेत गराए।

अध्यक्ष ओलीले आरोपित एमाले सचिव टोपबहादुर रायमाझी आफ्नो सम्पर्कमा नभएको पनि बताएका छन्।

नेपाली कांग्रेसका सांसद डा.शशांक कोइरालाले आरोपित जुनसुकै पार्टीको भएपनि दोषी देखिएमा कारबाही हुनुपर्ने बताए। उनले सरकार ढलेपनि दोषीलाई कानुनी दायरामा ल्याउनुपर्ने बताए।

## गणतान्त्रिक...

इजाजत नपाउनेजस्ता विभेदयुक्त र बाध्यकारी कानूनी व्यवस्था रहेकाले त्यस्ता व्यवस्था पनि खारेज गरिनुपर्ने माग राखेको छ। मञ्चले वैदेशिक रोजगार ऐन संशोधनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रायका लागि पठाएको फाइल हाल कानून मन्त्रालयमा रहेको जानकारी दिँदै त्यस विषयलाई टुंगोमा पुऱ्याइदिनसमेत सल्लाहकार गजुरेलमार्फत ध्यानाकर्षण गराएको छ।

मञ्चले वैदेशिक रोजगारमा कामदार पठाएबापत विश्वव्यापी प्रचलन र नेपालका छिमेकी मुलुकसमेतको कानूनी प्रचलनलाई मध्यनजर राखेर सेवा शुल्कबापत कामदारले पाउने एक महिनाको तलब बराबर सेवा शुल्क लिन पाउने व्यवस्था गर्न माग गरेको छ। कामदार पठाएबापत हाल लिने सेवा शुल्कको विषय अव्यवहारिक हुँदा सरकार, कामदार र व्यवसायीलाई समेत घाटा भएको भन्दै मञ्चले यस विषयमा सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटबाट नै नयाँ निर्णय गरी लागू गर्नुपर्ने माग गरेको छ।

सरकारले सुरक्षित, मर्यादित तथा व्यवस्थित वैदेशिक रोजगार भने पनि वैदेशिक रोजगार व्यवसायमा विभिन्न प्रकारका सिण्डिकेट कायम गरिएका कारण त्यस्ता संयन्त्रले विकृति विसंगति बढाएको भन्दै मञ्चले साउदी अरेबियालगायतका देशका नाममा एकाधिकार कायम गर्ने नयाँ सिण्डिकेटहरू देखा पर्न थालेकाले त्यसलाई हटाउन हस्तक्षेपकारी कदम चाल्न माग गरेको छ।

मञ्चका महासचिव कुन्छादोर्जे डिम्दोङ्गले करिब ८ सय ५० भन्दा बढी वैदेशिक रोजगार व्यवसायी दुईदेखि ६ करोडसम्म धरौटी राखेर काम गरिरहेको अवस्थामा शैक्षिक परामर्शदाताको रूपमा दर्ता भएका कन्सल्ट्यान्सीहरूले युरोपेली मुलुक र क्यानडालगायतका देशमा वैदेशिक रोजगार दिलाइदिने भनी हजारौं राहदानी कब्जामा लिएर मोटो रकम असुली गरेको तर वैदेशिक रोजगार व्यवसायी बिना कारण बद्नाम भएकाले त्यस विषयमा सरकारले तत्कालै हस्तक्षेप गर्नुपर्ने ध्यानाकर्षण गराए। उनले करिब ८ सय ६० वैदेशिक रोजगार संस्थामा करिब २० हजार जना व्यक्तिलाई स्वदेशमा नै रोजगारी दिएको र वैदेशिक रोजगारमार्फत हवाई, पर्यटन, यातायात, शिक्षा, स्वास्थ्यसमेतको क्षेत्रमा योगदान पुगेकोले लामो समयदेखि समाधान नभएका यस क्षेत्रमा रहेका समस्याको समाधानका लागि सरकारले गम्भीर ध्यान दिनुपर्ने माग गरे।

जवाफमा सल्लाहकार गजुरेलले वैदेशिक रोजगारमा रहेका कामदारको कमाइ बैंकिङ च्यानलबाट भित्र्याउन र बैंकिङ च्यानलमार्फत रकम पठाएर उद्योग कलकारखानालगायत दीर्घकालीन पुँजी निमार्णमा लगाउने व्यवस्था गरी उनीहरूलाई निश्चित प्रतिशत रकम अनुदान उपलब्ध गराउने विषयमा वर्तमान सरकारले अध्ययन गरिरहेको बताए। मञ्चले उठाएका मागहरूका सम्बन्धमा प्रधानमन्त्री दाहालसँग छलफल गर्ने उनले जानकारी दिए।

मञ्चका अध्यक्ष जैसीको नेतृत्वमा गएको टोलीमा मञ्चका पदाधिकारी, सल्लाहकार तथा कार्यसमिति सदस्यहरूको उपस्थिति रहेको थियो।

## साढे...

लाख रुपैयाँ खर्च लाग्ने र सम्बन्धित देशहरूमा पुगेपछि प्रतिष्ठित कम्पनीमा काम लगाइदिने लोभ देखाएर ठगी गरेको भेटिएको प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले बताए। गिरोहले पीडितहरुबाट पटक-पटक गरी जम्मा तीन करोड ५६ लाख आठ हजार लिएर फरार भएकोमा वैदेशिक रोजगार विभागको अनुरोधमा फरार भएकामध्ये भक्तपुरका सीताराम बास्तोलालाई आइतबार पक्राउ गरिएको रेग्मीले बताए। उनलाई थप कारबाहीका लागि वैदेशिक रोजगार विभागमा बुझाइएको छ।

## खाद्य...

संसारका कैयौं देशहरु खाने तेल र गहुँका लागि रुस र युक्रेनमा निर्भर छन। संसारलाई खाद्यान्न आपूर्ति गर्ने देश युद्धमा रहँदा जटिलता थपेको छ। यस्तै, जलवायु परिवर्तनमा आएको असाधारण परिवर्तनले पनि तत्कालै खाद्य संकट टुंगिने सम्भावना कम छ' कृषि बैज्ञानिक कृष्णदेव जोशीले भने। उनले आगामी १० वर्षलाई खाद्य सुरक्षा दशक घोषणा गर्दै नेपालमा धेरै उपभोग हुने प्रमुख १० वनस्पतिजन्य र पशुजन्य खाद्य सामग्रीलाई प्राथमिकता दिएर उत्पादन बढाउन विभिन्न कार्यक्रम बनाउनुपर्ने बताएका छन्। मकै, कोदो लगायतका खस्रो अन्न उपभोग गर्ने व्यक्तिसमेत चामल नै खान थालेपछि चामलको आयात झनै बढ्न थालेको छ।

विश्व बैंकले एक हजार आठ सय क्यालोरीभन्दा कम हुने गरी प्राप्त भएको खाद्य अवस्थालाई गम्भीर किसिमको खाद्य असुरक्षा भनी परिभाषित गरिएको छ, तर नेपालमा अझैपनि ७ प्रतिशत भन्दा बढी जनसंख्या खाद्यान्नको चपेटामा देखिएका छन्। सर्वसाधारणको पहुँच सर्वसुलभ र गुणस्तर नहुनु, प्राकृतिक विपृति, जलवायु परिवर्तनको असर, कृत्रिम अभावले उत्पादनमा पुर्याएको असर, कोभिड-१९ तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारमा कृषि सामग्रीको मूल्य उतारचढावका र युक्रेन रसियाको युद्धको कारण यो वर्ष खाद्यान्नमा थप संकट आउने देखिएको हो। तरपनि, सरकारी निकाय खाद्य सुरक्षाका लागि रणनीतिक योजना बनाउन र संकटबाट बच्ने उपाय खोज्नतिर लागेकै छैन।

# रौतहटमा तस्करी बढ्दो, सुरक्षा निकाय मुकदर्शक बनेको गुनासो



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ वैशाख

रौतहटमा पछिल्लो समय अवैध रुपमा हुने तस्करी बढ्न थालेको छ । भारतबाट तस्करी भएर रौतहट आएको सामान विभिन्न ठाउँमा पुग्दा पक्राउ पर्दै जानुले तस्करीको सञ्जाल फस्टाउँदै गएको पुष्टि भएको हो । तस्करहरुले रातभर प्रहरीकै मिलेमतोमा तस्करी गरिरहेको आरोप समेत लाग्ने गरेको छ । विभागलाई रिझाउन दिउँसोको समयमा प्रहरीले दैनिक जीवनयापनका लागि सर्वसाधारणले ल्याउने सामान समात्ने गरेका छन् ।

वैशाख ७ मा रौतहटबाट तस्करी भई आएका करिब ८ लाख मूल्य बराबरको कपडा हेटौंडामा बरामद भएको थियो । सरकारले सीमामा रहेका सशस्त्र प्रहरीका बोर्डर आउट पोस्टको कामलाई प्रभावकारी बनाउन सशस्त्र प्रहरी नायब उपरीक्षक खटाउँदा पनि उनीहरुले राजश्व वृद्धि तथा तस्करी नियन्त्रण गर्नुको सट्टा तस्करसँगको सेटिङमा अवैध कारोवारलाई बढवा दिएको आरोप लाग्ने गरेको छ । सशस्त्र प्रहरी निरीक्षकको सट्टा सशस्त्र प्रहरी उपरीक्षकलाई बिओपीको कमाण्ड दिँदा झनै व्यतिथि बढेको गौरका व्यापारीहरु बताउँछन् । मदिरा तथा आर्थिक लेनदेनमार्फत मुख्य तथा सहायक नाकाहरुबाट डीएसपीकै संलग्नतामा तस्करी बढेको स्थानीयहरुले बताए ।

गौर भन्सारमा राजस्व निरन्तर कम भएको तथ्यांकले पनि देखाएको छ । बोर्डर नाकामा तस्करी बढेपछि सशस्त्र प्रहरीले निगरानीको लागि सशस्त्र प्रहरी खटाइएको छ । भन्सारको मनिटरिङको लागि खटाएको डीएसपीको काम प्रभावकारी हुन नसकेको गुनासो बढ्न थालेको हो । सशस्त्र प्रहरी उपरीक्षकको निगरानी हुनुपर्नेमा झन् तस्करसँग बार्गेनिङ बढेको तथा तस्करीको सञ्जाल नै निर्माण भएको स्थानीय बताउँछन् ।

सशस्त्र प्रहरीका उच्च अधिकारीको संरक्षणामा सदरमुकाम भन्दा पूर्वमा रहेको लक्ष्मीपुर बेलबिछवा र ब्रम्हपुरीतर्फबाट सबैभन्दा बढी मदिरा र खाद्यान्न सामग्रीको तस्करी हुने गरेको छ । बिहार सरकारले मदिरामा प्रतिबन्ध लगाएपछि तस्करहरुले यो नाका प्रयोग गरी प्रत्येक दिन हजारौं कार्टुन मदिरा भारत पठाउने गरेका छन् । लक्ष्मीपुरमा रहेको सशस्त्र प्रहरीको बिओपी र नेपाल प्रहरीको चौकीको मिलेमतोमा सो क्षेत्रमा ठूलो तस्करी भइरहेको प्रत्यक्षदर्शीले बताए ।

सदरमुकामभन्दा पूर्वपट्टि रहेको बेलबिछवा र सोसँगैको ब्रह्मपुरीबाट भारतीय गाउँ आदमबान, मुसाचक, मसहासम्म तस्करले मदिरा पुऱ्याउने गरेका छन् । कुनै समय भारतीय कुखुराको चल्ला तस्करी हुने यो ठाउँमा अहिले मदिरा तस्करी निकै फस्टाएको छ ।

रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले जिल्लाको सुरक्षा निकायका प्रमुखहरुलाई स्पष्ट रुपमा शून्य सहनशीलताको आधारमा तस्करी नियन्त्रण गर्न निर्देशन दिएको बताए । सशस्त्र प्रहरी मधेश प्रदेश छिन्नमस्ता गण बर्दिवासका प्रमुख डीआइजी दिपेन्द्र शाहले बोर्डरमा भइरहेको अवाञ्छित गतिविधिलाई नियन्त्रण गर्न निर्देशन दिएको बताए । बेलाबेलामा आफू पनि छड्केमा निस्कने गरेको र तस्करीमा संलग्न देखिएकालाई कारबाही गर्ने गरेको उनले बताए ।

# गजल महोत्सवमा पहिलो हुने सिजापतिलाई ६० हजार पुरस्कार




**काठमाडौं/मस–** गोकर्णेश्वर नगरपालिकाको आयोजनामा सम्पन्न राष्ट्रिय प्रतियोगितात्मक गजल महोत्सवमा दैलेखका दीपिन सिजापति प्रथम भएका छन् । प्रतियोगितामा लमजुङकी मुना बोहरा द्वितीय र लमजुङकै प्रज्ज्वल अधिकारी तृतीय भए ।

यसैगरी भिजन गुरागाई, जगतबहादुर खड्का, लक्ष्मण ढकाल, संयोग बस्याल र प्रकाश समीरले सान्त्वना पुरस्कार प्राप्त गरे । पुरस्कृत गजलकारहरुलाई कार्यक्रमका सभापति तथा प्रमुख अथिति लगायत अतिथिहरुले नगद, प्रमाणपत्र प्रदान गरेका थिए । पुरस्कृत गजलकारहरुमध्ये प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः नगद ६० हजार, ४० हजार र ३० हजार रुपैयाँ तथा सान्त्वना पुरस्कार प्राप्त गर्नेहरुलाई २० हजार प्रदान गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक कुमार रिसालले गोकर्णेश्वरलाई साहित्यिक हब बनाउने उद्देश्यका साथ विगत ३ वर्षदेखि साहित्यका विविध विधामा प्रतियोगिताहरु गरिरहेको जानकारी दिए । कार्यक्रममा वरिष्ठ गजलकार ज्ञानुवाकर पौडेलले गजल विधामा युवा पुस्ताको आकर्षण लोभलाग्दो रहेको बताए ।

कार्यक्रममा पूर्व मन्त्री रामेश्वर फुयाँल, वरिष्ठ पत्रकार तथा साहित्यकार विजय चालिसेलगायतका वक्ताहरुले गोकर्णेश्वर नगरपालिकाले साहित्यिक क्षेत्रमा देखाएको उत्सुकता धेरैका लागि प्रेरणादायी रहेको बताए ।

मुलुकका विभिन्न क्षेत्र र विदेशबाट समेत गरी गजल महोत्सवका लागि ४ सय ५६ वटा गजल प्राप्त भएकोमा प्रारम्भिक मूल्यांकनबाट ४१ वटा गजललाई प्रतियोगिताका लागि चयन गरिएको थियो । प्रतियोगितामा वाचन गरिएका गजलहरुको मूल्यांकनकर्तामा करुण थापा, प्रभाती किरण र धनेन्द्र ओझा रहेका थिए ।


## बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**चकचकी, झापा**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः– २०८०/०१/२५**

यस कार्यालयले मिति २०७९/१२/१४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानसम्बन्धी सूचना अनुसार तपशिलको बोलपत्रदाताले दाखिला गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिको लागी सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ प्रयोजनार्थ बोलपत्र पेशगर्ने सम्बद्ध सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि.न. | ठेक्का प्याकेज | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट तथा पि.एस. सहित) |
|---|---|---|---|
| १ | Construction of Wada no. 2 ra 3 ko Rajgadhko Purano Hulaki Marga Healthpost Dekhi Paschim Jane Bato Kalopatre NCB/Bahradashi/BTW2&W3/11/2079-80 | श्री बालाजी कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग, मेचिनगर-४, झापा | रु.५५,८०,५८२१९ |
| २ | Construction of Wada no 4 ra 7 ko (Sadak Kalopatre Chakchaki Bazzar Pipalchowk Madarsa Sabik 1 no. Jane Bato ra Dangibari Durga Mandir Dekhi Paschim Gunaratna Upretiko Ghar Samma Kalopatre NCB/Bahradashi/BTW4&W7/12/2079-80 | श्री झापा ईन्टरनेशनल प्रा.लि., दमक-६, झापा | रु.५३,८२,९६७२० |

**प्रमुख प्रशासकीय अधिकृत**


# जनस्वास्थ्य प्रयोगशाला सञ्चालनमा



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २४ वैशाख

रौतहट माधवनारायण नगरपालिकामा जनस्वास्थ्य प्रयोगशाला सञ्चालनमा आएको छ । सो प्रयोगशालाको नगरप्रमुख बैजनाथ प्रसाद यादवले आइतबार उद्घाटन गरेका छन् । नगरवासीले सहजरूपमा रगत, दिसापिसाव, खकार लगायत अन्य विभिन्न किसिमका चेकजाँच गर्न सक्ने नगरपालिकाले जनाएको छ ।

प्रयोगशाला उद्घाटन गर्दै नगरप्रमुख यादवले अबदेखि रगत, दिसापिसाव, खकार लगायत चेकजाँचका लागि सदरमुकाम र अन्य ठाउँमा जानुपर्ने बाध्यता हट्ने बताए । सो अवसरमा प्रमुख प्रशासकीय अधिकृत देवनाथ यादव, वडा नं. ६ का वडा अध्यक्ष राम नरेश राय, नगरपालिकाका प्रशासन शाखा प्रमुख पृथ्वी यादव र स्थानीयको उपस्थिति रहेको थियो ।

# जालसाझी गरेको आरोपमा दुई पक्राउ

**कपिलवस्तु/मस**-जग्गा कीर्ते तथा जालसाझी गरेको आरोपमा कपिलवस्तुको चन्द्रौटाबाट दुईजना पक्राउ परेका छन् । शिवराज नगरपालिका-११ थुन्हिया बस्ने कानुन तथा लेखापढी व्यवसायी समिति एकाइ चन्द्रौटाका अध्यक्ष राम निवास कुमी चौधरी र उनका सहयोगी रामप्रताप यादव पक्राउ परेका हुन् ।

अध्यक्ष कुर्मी र उनका सहयोगी यादवले साबिक वीरपुर गाविस-९ स्थित मुकेश यादवका नाममा रहेको जग्गा जग्गाधनी यादवलाई जानकारी नगराई नक्कली राजीनामा बनाएर ठगी गरेको आरोपमा वडा प्रहरी कार्यालय चन्द्रौटाले पक्राउ गरेको छ ।

जिल्लाको कृष्णनगर नगरपालिका-११ बस्ने रेखा लोहारलाई जग्गाधनी मुकेश यादवको जग्गाबारे जानकारी नगराई राजनीमा तयार गरेर रकम असुल गरेका थिए । आरोपी कुमी चौधरीले पीडित लोहारलाई मालपोत कार्यालय चन्द्रौटामा लगेर जग्गाको मोठ भिडाएको नाटक गरी नक्कली राजीनामा तयार गरेका थिए ।

कुर्मी चौधरीले पीडित लोहारलाई जग्गा पास भएको भन्दै दुई दिनमा जग्गाधनी पुर्जा उपलब्ध गराउने बताएका थिए । कार्यालय समय सकिएकाले दुई दिनमा आफैं पुर्जा लिएर आउने बताएका चौधरीले चार दिन बित्दासमेत पुर्जा नआएपछि आफू ठगिएको अनुभव भएको पीडित लोहारले बताइन् ।

पीडित लोहारले आफू ठगिएको पता लागेपछि वडा प्रहरी कार्यालय चन्द्रौटामा उजुरी दिएकी थिइन् । उजुरीपछि वडा प्रहरी कार्यालय चन्द्रौटाले चौधरी र यादवलाई पक्राउ गरेको हो । प्रहरीले मालपोत कार्यालय चन्द्रौटालाई पत्र पठाई राजीनामा स्वीकृत गर्ने अधिकारी हस्ताक्षरको वास्तविकता, जग्गाको स्रेस्ताको विवरण झिकाएको थियो ।

जवाफमा मालपोत कार्यालय चन्द्रौटाले मालपोतका अधिकारीको हस्ताक्षर नभएको, उक्त जग्गाको कीर्ते तथा जालसाझी गरी राजीनामा तयार गरिएकाले कानुनी कारबाहीका लागि पत्राचार गरिएको मालपोत कार्यालय चन्द्रौटाका प्रमुख लक्ष्मण चालिसेले बताए । बिहीबार पक्राउ परेका चौधरी र यादवलाई थप अनुसन्धानका लागि जिल्ला अदालत कपिलवस्तुमा म्याद थपका लागि लगिएको छ ।


## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौतारा, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

### आशयपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८०।०१।२५)**

यस चौतारा साँगाचोकगढी नगरपालिका, चौतारा सिन्धुपाल्चोकवाट मिति २०७९/१०/२६ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतिय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित Expression of Interest (EOI) को सूचना बमोजिम पेश भई मिति २०७९/११/०२ गते दिनको १:०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिएकोमा आशयपत्रदाताहरुवाट प्राप्त हुन आएका आशयपत्ररुको मुल्याङ्कनको क्रममा संक्षिप्त सुचिमा परेका ५ वटा आशयपत्रदाताहरुलाई REQUEST FOR PROPOSALS, RFP No.: CSGM/RFP/QCBS-01/079-80 तयारीका लागि मिति २०७९/११/३० गते ३० दिनको म्याद राखि प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न पत्राचार भए अनुसार आशयपत्रदाताहरुबाट मिति २०७९/१२/३० गते दिनको १२:०० बजे सम्म पेश भएका आशयपत्रहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्याङकन पश्चात सारभुत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको आशयपत्रदाताको आशयपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८१ को उपनियम ५ र ६ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं | कार्य विवरण | सारभुत रुपमा प्रभावग्राही भएका आशयपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/RFP/QCBS-01/079-80 | Chautara Sangachokgadhi Municipality's Integrated Information Management System and Mobile App | Civil Link-Dryice-Dots and Dashes, Lokanthali, Bhaktapur | २६,१५,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**





मध्यान्ह
www.madhyanhadaily.com
२५ वैशाख २०८०, सोमबार
8 May 2023, Monday

सम्पादकीय

## भूमिका भुल्दै सांसदहरू

आइतबारबाट शुरू भएको बजेट अधिवेशनमा नक्कली भुटानी शरणार्थी प्रकरणले प्रवेश पाएको छ । प्रतिनिधिसभा बैठकको शुरूमै सांसदहरूले शरणार्थी प्रकरणलाई संसदमा प्रवेश गराएका हुन् । प्रमुख विपक्षी दल नेकपा एमालेका सांसदहरूले यो प्रकरणसँगै अरू भ्रष्टाचारका मुद्दाहरू अगाडि बढाउन माग गरेका छन् । उनीहरूले वाइडबडी, बाँसबारी, मातातीर्थ, यति, ओम्नी र लडाकू शिविरमा भएको भ्रष्टाचारका मुद्दामा छानबीन हुनुपर्ने माग राखे । तर शरणार्थी प्रकरणमा जोडिएका आफ्नो नेता टोपबहादुर रायमाझीलाई पक्राऊ पूर्जी जारी गर्नुलाई भने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नियतसँग जोडे । सांसदमा यो प्रकरणबारे बोलेका प्रमुख सचेतक पदम गिरी, सचेतक महेश बर्तौला र सांसद सूर्य थापाले लगभग मिल्दो तर्क गरेका थिए ।

प्रधानमन्त्री प्रचण्डलाई भ्रष्टाचारका मुद्दाहरू अगाडि बढाउन चुनौती दिएका उनीहरूले शरणार्थी प्रकरणमा आरोपितलाई नभएर शरणार्थी बन्न तयार भएर पैसा बुझाउनेलाई कार्बाहीको माग गरे । यस्तो तर्क गर्नेमा सांसद थापा थिए । उनको भनाइमा, त्यो प्रकरणमा पैसा अशुल गर्नेसँगै पैसा बुझाउने दोषी हुन् । यसको जवाफमा सत्तारूढ सांसदहरू उभिए । उनीहरूले शरणार्थी प्रकरणमा रायमाझी बुझाएर एमालेले राज्यलाई सहयोग गर्नुपर्ने सुझाव दिएका थिए । एकहिसाबले शरणार्थी प्रकरणमा सांसदहरू पनि बाँडिएका छन् । शरणार्थी प्रकरणलाई प्रतिशोधका रूपमा अगाडि बढाइएको एमाले सांसदहरूको बुझाइ देखिन्छ भने सत्तारूढ यो प्रकरणलाई सरकारको सफलतासँग जोड्न चाहेको प्रष्ट हुन्छ ।

जबकी नक्कली भुटानी शरणार्थी प्रकरण भ्रष्टाचारका पछिल्ला दृष्टान्त मात्रै नभएर मुलुककै प्रतिष्ठासँग जोडिएको विषय हो । अमेरिका जान नेपाली नागरिक नक्कली शरणार्थी हुन पनि तयार हुने र त्यसैलाई अवसरका रूपमा राज्य सत्ताको उपयोग गरिने यो प्रकरण एउटा डरलाग्दो दृष्टान्त हो । रेमिट्यान्स मुलुकको एउटा मुख्य स्रोत रहेको मुलुकका निम्ति यो घटना अरू दृष्टिकोणले पनि संवेदनशील छ । यसले वैदेशिक रोजगारी र अरू अवसरका निम्ति विदेश जाने कार्यमा अप्ठ्यारो पार्नेछ । तसर्थ यो प्रकरणलाई राजनीतिक आँखाले हेर्ने र त्यही मनसायले छानबीन गरिनु अनुचित हो । हुनत भ्रष्टाचारका सबै मुद्दा उत्तिकै दण्डनीय र बर्जित विषय हो । त्यो संवदेनशीलतालाई हेरेर दलहरू अगाडि बढ्दा नै सम्बन्धित दल मुलुकप्रति जिम्मेवार रहेको सन्देश जानेछ ।

# नेपालमा सामाजिक सुरक्षा कार्यक्रम

अग्रलेख



● गम्भीरबहादुर हाडा

सामाजिक र समाज कल्याण पक्ष राष्ट्रको सर्वाङ्गिण विकासको एक अभिन्न अंग हो । आधुनिक कल्याणकारी राज्यले समाजका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका जेष्ठ एवम् वरिष्ठ नागरिकलाई सम्मान र सुविधा प्रदान गरी आर्थिक, सामाजिक सुरक्षा दिनुपर्ने हुन्छ । राष्ट्रका असहाय, अपाङ्ग, महिला, बालबालिका, बृद्ध तथा अशक्त व्यक्तिहरूको सुरक्षाका लागि उचित पुनर्स्थापना, रोजगारी र सुरक्षाको व्यवस्था गरी देश विकास कार्यमा सरिक गराउनु आवश्यक छ । नेपालको मूल कानून संविधानमा महिला, बालक र बृद्धहरूलाई विशेष व्यवस्था गरी सामाजिक सुरक्षा प्रदान गरिने व्यवस्था गरिएको छ । यस व्यवस्थालाई कार्यान्वयनमा ल्याउन विभिन्न मन्त्रालयहरू- शिक्षा, स्वास्थ्य, वन, स्थानीय विकास, कृषि आदि)ले कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेका छन् भने यस्ता कार्यक्रमलाई एकीकृतरूपमा सञ्चालन र समन्वय गर्न २०५२ सालमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय स्थापना गरिएको पाइन्छ । फिड ल्यान्डरको भनाइअनुसार सामाजिक संरक्षण भन्नाले कुनै व्यक्तिको जीवनमा आइपर्ने बिरामी, बेरोजगारी, बृद्धावस्था, परिनिर्भरता औद्योगिक दुर्घटना तथा कमजोर स्वास्थ्य भएको अवस्थमा समाजले उसलाई गर्ने संरक्षण हो ।

सामाजिक संरक्षण वा सुरक्षा भन्नाले मानवीय प्रतिष्ठा तथा सामाजिक न्यायसँग गहिरो समबन्ध राख्ने गर्दछ । यसले प्रारम्भमा सामाजिक र मूलभूतरूपमा आयआर्जन गर्ने क्षमता गुमाएका वा आयआर्जनगर्ने हैसियत नभएका व्यक्तिलाई संरक्षण प्रदान गर्ने कुरासँग सरोकार राख्दछ । मानिसले सुखको अनुभूति गर्नका लागि आफू बसेको समाजमा शान्तिको अनुभव तथा सुरक्षाको प्रत्याभूति चाहन्छ । तर, वर्तमान विश्व समाजमा जनसंख्याको आकारमा उल्लेखनीयरूपमा हुँदै आएको वार्षिक बृद्धिले भने समाजमा सुरक्षा पद्धति खलबलिँदै जान थालेको अनुभुति रहन्छ । प्राचिन युगमा प्राकृतिक प्रकोपबाट समाजलाई बचाउनु नै सामाजिक सुरक्षा मानिन्थ्यो भने पछि आएर जीवन र काममा आउने कठिनाईबाट सुरक्षा दिलाउनुलाई नै सामाजिक सुरक्षा मान्न थालियो । १८औं र १९औं शताब्दीमा युरोपमा भएको औद्योगिक क्रान्ति सँगसँगै कारखानामा काम गर्ने कामदार वर्गको प्रादुर्भाव भयो । कामदारहरूलाई उनीहरूको घर र परिवारबाट टाढा गएर कमाएको ज्यालाले दैनिक जीवन धान्न अत्यन्त कठिन थियो । कारखाना वा औद्योगिक प्रतिष्ठानमा कार्यरत कामदार बिरामी भयो वा दुर्घटनामा पऱ्यो भने उक्त कामदार वा निजको आश्रितलाई कसले सहयोग गर्ने ? कति सहयोग गर्ने ? र, कसरी सहयोग गर्ने ? भन्ने अवस्थाको सिर्जना भयो । यस्तो परिस्थितिको सामना गर्न कामदारहरूले आफ्नो आयको थोरै-थोरै रकम बचत गरी एक अर्कालाई सहयोग गर्ने समाजको स्थापना गर्न थाले । शारीरिक अवस्थाका कारण जुन कामदार काम गर्न सक्षम हुँदैन, त्यस्तालाई आर्थिक सुरक्षा प्रदान गर्नुपर्दछ भन्ने धारणाको विकास हुन थाल्यो । यसैलाई सामाजिक सुरक्षाको पहिलो रूप मानियो ।

नेपालको संविधान २०७२ को धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेको, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनिएको छ । सामाजिक सुरक्षाका दुईवटा आयामहरुलाई प्रमुखरूपमा लिन सकिन्छ । पहिलो क्षितिजीय दृष्टिकोणका रूपमा चिनिने सामाजिक सहायता हो । जसमा सबै नागरिकले आमरूपमा सहायता सुविधाका रूपमा पाउने राज्यको अनुदानजन्य सुरक्षा पर्दछ । त्यसैगरी, दोस्रो लम्बिए दृष्टिकोणका रूपमा आफूले योगदान गरेको थैलीको आधारमा पाइने सहायता सामाजिक संरक्षण वा अधिकारको रूपमा प्राप्त हुने सुरक्षा हो ।

तर, नेपालमा सामाजिक संरक्षण र सुरक्षाको कार्यक्रममा राष्ट्रिय तथा अन्तराष्ट्रिय तहका सरकारहरुको पर्याप्त ध्यान पग्न सकेको देखिँदैन् । निःशल्क आधारभूत तहको बीमा सुरक्षा र सहयोगका कार्यक्रमहरु सम्बन्धित व्यक्तिहरुको पहुँच पुग्न सकेको छैन । सामाजिक सुरक्षाले राज्यको मानव अधिकारप्रतिको दायित्व पूरा गर्नुपर्दछ । समुदायमा व्यक्ति व्यक्तिबीचको सम्बन्ध, माया, प्रेम कायम गर्ने माध्यम सामाजिक सुरक्षा हो । यसले विभेद, अन्याय, अत्याचार, विकृति, विसंगति बिरुद्ध समानता, एकता र भातृत्वको प्रत्याभूत गराउनुपर्दछ । यसले पारिवारिक सम्बन्धलाई मजबुत बनाउनुपर्दछ । तर, नेपालमा सामाजिक सुरक्षालाई प्रयोगमा ल्याउन थालिएको थोरै समयमा पनि केही कमी कमजोरीहरु सुधार गर्नुपर्ने देखिएको छ । सामाजिक सुरक्षाका कार्यक्रमहरु मिश्रितरूपमा संचालनमा रहँदा राज्यको दायित्व निर्धारणमा समेत समस्या देखिएको छ ।




*सामाजिक सुरक्षा कार्यक्रम लागू भएको छोटो समयमै थुप्रै समस्याहरू देखिएका छन् । सामाजिक सुरक्षाको कार्यक्रम मिश्रितरूपमा सञ्चालनमा रहँदा राज्यको दायित्व निर्धारणमासमेत समस्या देखिएको छ । खास सूचकहरूभन्दा उभय पक्षको आधारमा कार्यक्रम सञ्चालन भएको पाइन्छ । कार्यक्रममा लक्षित वर्गको सरल पहुँच हुन सकेको पाइँदैन भने दिन प्रतिदिन बजेटमाथि चाप बढ्दै गएको देखिन्छ ।*

खास सूचकहरुभन्दा उभय पक्षको आधारमा कार्यक्रम संचालन भएको पाइन्छ । नगद अनुदान कुल बजेटको एक तिहाइ भएतापनि कार्यक्रम संचालन गर्ने जनशक्तिको अभाव रहेको छ । त्यस्तै, यो वितरणमुखी, पूर्तिपक्षीय दृष्टिकोणको हावी र लक्षित वर्ग पहिचानको समस्या पनि देखिएको अपांगता भएका व्यक्तिहरुलाई दिइने सुविधा कोटामा आबद्ध गरिएको छ । जसले गर्दा यसको कभरेज कम हुने गर्दछ । कार्यक्रममा लक्षित वर्गको सरल पहुँच छैन र दिन प्रतिदिन बजेटमाथि चाप बढ्दैछ ।

नीति संरचना निर्माणदेखि नै जन्म मृत्युलगायतका व्यक्तिगत घटना दर्ता लक्षित कार्यक्रम, सबल तथ्यांक प्रणाली स्थापना, एकीकृत जनशक्ति विकास कार्यक्रम, बैंक प्रणालीमार्फत भुक्तानी एवम् प्रभावकारी अनुगमन र प्रतिवेदन प्रणाली अवलम्बन गर्नु जरुरी छ । नगद हस्तान्तरण वा वितरणमुखी कार्यक्रमको विकल्पमा दिगो तथा परिणाममुखी कार्यक्रम जस्ता स्वास्थ्य बिमा तथा जीवनस्तर अभिबृद्धि कार्यक्रम आदिको खोजी गर्नुपर्ने देखिन्छ । केन्द्र र स्थानीय तहमा रहने गरी एकीकृत अनलाइन व्यवस्थापन सूचना प्रणाली अवलम्बन गर्नुपर्ने देखिन्छ । सामाजिक संरक्षण तथा सुरक्षाका कार्यक्रमहरुलाई सामाजिक, आर्थिक र मानवीय विकाससँग आबद्ध गर्नु आवश्यक रहेको छ । सामाजिक संरक्षण र सुरक्षा कोष ऐनको तर्जुमा गर्ने, ज्येष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्ति लोपोन्मुख समुदायका परिवारहरुलाई दिइने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बिमा, पशु बिमा, बाली बिमालगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरु लक्षित समुदाय तथा वर्गमा सहज रूपमा उपलब्ध गराउन सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा कार्यान्वयनमा ल्याउने (सामाजिक सुरक्षा कोष ऐन तर्जुमा कार्यान्वयन) विपन्न, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजातिलाई आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाहरु निःशुल्क उपलब्ध गराउनेलगायतका कार्यक्रम आवश्यक देखिन्छ ।

सरकारले वैदेशिक रोजगारीमा जाने वा गएका युवालाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध गराउने तयारी गरेको छ । जुन कार्यक्रममा खर्च कटाई आम्दानीको ७० प्रतिशत रकम औपचारिक माध्यमबाट विप्रेषण पठाएको प्रमाण पेस गरेमा २० प्रतिशत छुट रकम फिर्ता हुने प्रावधान रहेको छ । कोषका अनुसार दुर्घटना, अशक्तता र आश्रित परिवार सुरक्षा योजना अन्तर्गत सुविधा नलिएमा २० प्रतिशत रकम छुटको व्यवस्था तथा नेपालमा फर्केपछि अन्यजस्तै औपचारिक, अनौपचारिक र स्वरोजगार योजनामा जान सक्ने व्यवस्था गरिएको छ । वैदेशिक रोजगारी र विदेशमा स्वरोजगारमा रहेका श्रमिकलार्य सामाजिक सुरक्षाको छातामुनि ल्याउन कोषले यसअघि नै अनौपचारिक स्वरोजगार वैदेशिक रोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत गर्नेसम्बन्धी कार्यविधि स्वीकृत गरिसकेको छ ।

वर्तमान पन्ध्रौं योजना २०७६-२०८१ मा सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत सबैका लागि दिगो सामाजिक सुरक्षा प्रणाली, समतामूलक समाज र लोककल्याणकारी राज्यव्यवस्थाको आधार बनाउने सोच राखिएको छ भने सामाजिक सुरक्षा र संरक्षणलाई दिगो, सर्वव्यापी, पहुँचयोग्य बनाई नागरिक हकको कार्यान्वयन गर्ने र राज्यप्रति नागरिकको विश्वास सुदृढ गर्ने लक्ष्य लिइएको छ । त्यसको साथसाथै सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु, आर्थिक, सामाजिक वञ्चितीकरण र जोखिममा परेका समुदायलाई सामाजिक संरक्षण प्रदान गर्नु, सामाजिक सुरक्षा र संरक्षण मार्फत नागरिकहरूको आर्थिक, सामाजिक, पर्यावरणीय र अन्य जोखिम न्यूनीकरण गर्ने जस्ता उद्देश्य राखिएको छ । साथै सामाजिक सहयोग र संरक्षणका कार्यक्रम विस्तार गरी आर्थिक सामाजिक वञ्चितीकरण तथा जोखिममा परेका क्षेत्र, लिङग, वर्ग र समुदायको पहुँच बढाउने, योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रमा साथै अनौपचारिक क्षेत्रमा समेत विस्तार गरी सर्वव्यापी बनाउने, सामाजिक सुरक्षा, सहयोग र संरक्षण संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन अन्तर सरकार सूचना प्रणालीको विकास गर्ने रणनीति पनि राखिएको पाइन्छ ।

ज्येष्ठ नागरिकहरूको लागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक संविधानले प्रत्याभूत गरेको छ । त्यसैगरी ज्येष्ठ नागरिकसम्बन्धी ऐन, नियमावली तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा रहेका छन् । सरोकारवाला निकायबीच समन्वयका लागि केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति र सबै जिल्लाहरूमा जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति गठन भएका छन् । बेसहारा ज्येष्ठ नागरिकहरूलाई आश्रयसहितको सेवा उपलब्ध गराउन पशुपतिमा सरकारी निकायका रूपमा वृद्धाश्रम सञ्चालन भएको छ भने संस्थाहरूको साझेदारीमा विभिन्न स्थानमा वृद्धाश्रमहरू सञ्चालन भएका छन् । ज्येष्ठ नागरिकहरूमा रहेका विषयगत ज्ञान, सीप, क्षमता र अनुभवको अधिकतम सदुपयोग गर्नु, सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमहरूको नियमन र समन्वय गर्नु, वृद्धाश्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र व्यवस्थित गर्नु, ज्येष्ठ नागरिकहरूको लागि काम गर्ने संस्थाहरूलाई प्रदान गरिने अनुदानको मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आदि चुनौतीहरू रहेका छन् ।

नेपालको संविधान २०७२ मा ज्येष्ठ नागरिकको हकसम्बन्धी व्यवस्थालाई मौलिक हकको रूपमा राखिएको, सार्वजनिक यातायातमा सहुलियत, सरकारी अस्पतालहरूमा बेड छुट्याउने, सेवा प्रदायक निकायहरूबाट विशेष सुविधा दिने व्यवस्थाहरू गरिएको, केन्द्रीय ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना गरी असहाय, दुर्व्यवहारबाट पीडित ज्येष्ठ नागरिकहरूलाई राहत, सुरक्षा र स्वास्थ्य उपचार प्रदान गरिएको, पुनर्स्थापनाका लागि महिला तथा बालबालिका कार्यालयहरूमार्फत् सेवा प्रदान गर्ने कार्य प्रारम्भ भएको, गैरसरकारी संस्था तथा सामुदायिक क्षेत्रबाट ज्येष्ठ नागरिकको क्षेत्रमा क्रियाशीलता बढ्दै गएकोलाई यस क्षेत्रको अवसरका रूपमा लिन सकिन्छ ।

**(लेखक हाडा, भक्तपुर बहुमुखी क्याम्पस सह–प्राध्यापक हुन् ।)**

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

हिजो कांग्रेस र कम्युनिस्टले फरक अर्थ दिन्थे । अझ यी विपरितार्थी शब्दजस्तो पनि लाग्थ्यो । आज पर्यायवाची शब्द भएका छन् । कांग्रेस माने कम्युनिस्ट, कम्युनिस्ट माने करप्सन । खासमा अरु पात्र त निमित्त मात्रै हुन । ठोकेर भन्न सक्छु यो सारा नाटक, नौटंकीका निर्देशक तीन शीर्ष नेता नै हुन् ।



**- राधाकृष्ण कटवाल**

भ्रष्टाचारले देश डुबेको हो तर, चाहे जो सुकै व्यति होस् अदालतबाट दोषी ठहर नभई आरोप र शंकाको भरमा मिडियाले होस् वा सामाजिक सञ्जालले सहिद बनाउनु उचित होइन र पाइँदैन । हातमा हतियार छ भन्दैमा जे पनि गर्ने छुट कसैमा छैन । आरोप र स्रोतको नाममा कसैको धज्जी नउडाऔं । मरेपछि औषधी नगरौं ।



**- पर्वत थापा**

नक्कली लडाकु, नक्कली शरणार्थी, नक्कली पासपोर्ट, नक्कली भिसा, नक्कली नोट, नक्कली लालपुर्जा, नक्कली सार्टिफिकेट, नक्कली नागरिकता, नक्कली मतदाता, नक्कली लाइसेन्स र नक्कली परीक्षार्थी ! यो देशमा सक्कली भन्ने चाहिँ 'राष्ट्रवाद' मात्रै रैछ !




**- यादव देवकोटा**

को भ्रष्टाचारी, को सदाचारी भन्ने लामो निबन्धको कुनै जरुरी छैन । आज क्रियाशील नेता, कम्तीमा २० वर्षअघिदेखि यता कार्यरत, अवकाश प्राप्त कर्मचारी, प्रहरी, सेनाका कमसेकम मेजरमाथिका अधिकृतलगायतको सम्पति छानबिन गरे आज देशप्रेमी, राष्ट्रभक्त बनेर कुर्लिने सदाचारीहरुको हावा फुस्किन्छ !

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | व्यक्तिगत काममा सफलता मिल्नेछ । मन प्रफुल्लित रहनेछ । |
| वृष | : | प्रभाव र सम्मानमा वृद्धि हुनेछ । दैनिक जीवन सुखी रहनेछ । |
| मिथुन | : | विरोधी सक्रिय रहन्छन् तर, असफल हुनेछन् । |
| कर्कट | : | महत्वपूर्ण भेटघाट हुनेछ । यश बढ्नेछ । |
| सिंह | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा राम्रो लाभ हुनेछ । |
| कन्या | : | सम्बन्धहरुमा विवाद हुने योग छ । स्वास्थ्य राम्रो रहनेछ । |
| तुला | : | नयाँ कार्यमा सावधानी राख्नुहोला । विदेश यात्राको योग छ । |
| वृश्चिक | : | नयाँ काम बन्नेछ । रोजगार प्राप्तिको योग छ । |
| धनु | : | जीवनसाथीको सहयोग प्राप्त हुनेछ । अर्कामाथि भरोसा नगर्नु होला । |
| मकर | : | व्यापार-व्यवसायमा फाइदा हुनेछ । जनसम्पर्कमा वृद्धि हुनेछ । |
